वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १४० | २०८३ असोज ०६ गते मंगलबार, नेपाल सम्वत् ११४६ September 22, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## कृषि हाटबजार

तनहुँको आँबुखैरेनी गाउँपालिकाले सञ्चालनमा ल्याएको सोमबारे कृषि हाटबजारमा तरिकारी खरिदबिक्री गरिँदै । गाउँपालिकाले प्रत्येक शुक्रबार र सोमबारका दिन कृषि हाटबजार सञ्चालन गर्न थालेपछि उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष भेटघाट हुनुका साथै उत्पादित कृषि उपजको सहज रुपमा खरिदबिक्रीको माध्यम बन्दै गएको छ ।

*तस्विर : भञ्ज्याङ*

# अलैंचीले फर्कायो गाउँको रौनक

## लमजुङबाट बसाइँ सरेका परिवार खेती गर्न गाउँ फर्किन थाले

भञ्ज्याङ समाचारदाता/लमजुङ

कुनै समय बसाइँसराइले सुनसान बन्दै गएका लमजुङका ग्रामीण बस्तीमा अहिले अलैँची खेतीले फेरि चहलपहल बढाएको छ । आम्दानीको राम्रो स्रोत बन्न थालेपछि सहर झरेका परिवारसमेत गाउँ फर्किएर अलैँची खेतीमा जुट्न थालेका छन् । जिल्लाका विभिन्न क्षेत्रमा यस वर्षको अलैँची टिपाइसमेत सुरू भएको छ ।

समुद्री सतहदेखि करिब आठ सयदेखि एक हजार दुई सय मिटर उचाइसम्मका क्षेत्रमा लगाइएको अलैँची पाक्न थालेपछि किसान टिपाइमा व्यस्त भएका हुन्। मर्स्याङ्दी गाउँपालिका–७ ताराचोक शेराका किसान डम्बरसिंह अधिकारीले डम्बरसाई र जिर्मले जातको अलैँची पाकेपछि टिप्न सुरू गरिएको बताए। ताराचोकमा मात्रै ४० रोपनीभन्दा बढी क्षेत्रमा अलैँची खेती गरिएको उनले जानकारी दिए ।



स्थानीय इन्द्रप्रसाद तामाङका अनुसार गाउँका अधिकांश किसान अहिले अलैँची टिप्नमै व्यस्त छन्। लामो समय प्रयोगविहीन रहेका पाखोबारी तथा धान उत्पादन हुने केही जमिनसमेत मासेर किसानले अलैँची खेती विस्तार गरेका छन्। 'पहिले खेर जाने पाखोबारीमा अहिले अलैँची छ,' उनले भने, 'अलैँचीबाट आम्दानी हुन थालेपछि किसानमा खेतीप्रति उत्साह बढेको छ ।'

मर्स्याङ्दी–६ बाहुनडाँडाका किसान लोकनाथ घिमिरेले छ रोपनी जमिनमा लगाएको रामशाही जातको अलैँचीबाट यस वर्ष करिब दुई सय किलो उत्पादन भएको बताए । टिपेर सुकाउने कामसमेत सम्पन्न भइसकेको उनले जानकारी दिए ।

मर्स्याङ्दी–५ घेर्मुफाँटका किसान पनि धानखेतीको काम सकेर अलैँची टिप्ने, सुकाउने र ग्रेडिङ गर्ने काममा लागेका छन्।

स्थानीय बिमला गुरूङका अनुसार अलैँचीबाट राम्रो आम्दानी हुन थालेपछि गाउँमा खेती गर्नेको संख्या बढेको छ । खेतीबाट आम्दानीको सम्भावना देखिएपछि रोजगारी र सुविधाका लागि बाहिरिएका परिवारसमेत गाउँ फर्किन थालेको उनले बताइन् ।

यसको प्रभाव मर्स्याङ्दी–७ लुदी गाउँमा अझ स्पष्ट देखिएको छ। बसाइँसराइका कारण कुनै समय गाउँमा जम्मा छ घरपरिवार मात्रै बाँकी रहेकामा अहिले त्यो संख्या बढेर १९ पुगेको छ। सहर तथा बजारतर्फ गएका कतिपय परिवार अलैँची खेती गर्न गाउँ फर्किएका छन् ।

स्थानीय रामप्रसाद तामाङका अनुसार लुदी गाउँमा मात्रै करिब चार सय रोपनी क्षेत्रफलमा अलैँची खेती गरिएको छ । किसानले 'लुदी अलैँची कृषक समूह' गठन गरेर सामूहिक रूपमा खेतीसमेत गर्दै आएका छन् । 'गाउँ छाडेर बजार गएकाहरु पनि अहिले फर्केर अलैँची खेती गर्न थालेका छन्', तामाङले भने, 'खेतीले गाउँमा फेरि मान्छेको चहलपहल बढाएको छ।'

अलैँची व्यवसायी महासंघ गण्डकीका अध्यक्ष अजय तामाङका अनुसार उचाइअनुसार अलैँचीको उत्पादन र टिपाइको समय फरक हुन्छ । एक हजार दुई सय मिटरभन्दा माथिका क्षेत्रमा लगाइएको अलैँची दसैँपछि टिप्न सुरू हुने उनले बताए । महासंघका अनुसार लमजुङमा अहिले करिब एक हजार दुई सय रोपनी क्षेत्रफलमा अलैँची खेती भइरहेको छ । त्यसमध्ये करिब ७५० रोपनी क्षेत्रफलको अलैँचीले यस वर्ष उत्पादन दिने अनुमान गरिएको छ ।

विगतमा जिल्लामा करिब एक हजार पाँच सय रोपनीसम्म अलैँची खेती गरिएको थियो। तर विभिन्न रोग तथा प्रकोपका कारण खेतीमा

*बाँकी तेश्रो पेजमा*

# तनहुँतर्फका १७ वटै सामुदायिक वनमा रूख कटानको स्वीकृति

भञ्ज्याङ समाचारदाता/दमौली

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाअन्तर्गत निर्माण भइरहेको दमौली–भरतपुर २२० केभी प्रसारण लाइनका लागि तनहुँतर्फ पर्ने सबै १७ सामुदायिक वनमा रूख कटानको कानुनी स्वीकृति प्राप्त भएको छ ।

प्रसारण लाइन क्षेत्रभित्र पर्ने रूखको छपान तथा टाँचा लगाउने काम सम्पन्न भएपछि डिभिजन वन कार्यालयले थप १२ सामुदायिक वनमा प्रवेश गरी रूख कटान गर्न स्वीकृति दिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए। यससँगै तनहुँतर्फ प्रसारण लाइनमा पर्ने सबै सामुदायिक वनमा रूख कटानको बाटो खुलेको हो ।

प्रसारण लाइन क्षेत्रमा देवघाट गाउँपालिकाका पाँच तथा बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकाका छ/छ वटा सामुदायिक वन छन् । चितवनतर्फ भने रूख कटानको काम जारी रहेको आयोजनाले जनाएको छ ।

प्रसारण लाइन निर्माणको प्याकेज–३ अन्तर्गत करिब ३५ किलोमिटर क्षेत्रमा ९४ वटा टावर निर्माण गर्नुपर्नेछ । निर्माण कम्पनी केइसी इन्टरनेशनल लिमिटेड भारतले हालसम्म ८३ वटा टावरको जग निर्माण र ७८ वटा टावर जडान गरिसकेको छ । प्याकेज–३ को समग्र भौतिक प्रगति ८२ प्रतिशत पुगेको आयोजना प्रमुख भण्डारीले बताए ।

रूख कटानका लागि आवश्यक स्वीकृति प्राप्त भएसँगै प्रसारण लाइन निर्माणको बाँकी कामले गति लिने आयोजनाको अपेक्षा छ। आयोजनाका तीनवटै प्याकेजमा निर्माण कार्य भइरहेको छ। बाँधलगायतका संरचना निर्माणको प्याकेज–१ को जिम्मा सोङ्दा कालिका जेभीले पाएको छ । उक्त प्याकेजको भौतिक प्रगति ६३ प्रतिशत पुगेको छ ।

विद्युतगृह तथा सम्बन्धित उपकरण निर्माणको प्याकेज–२ मा सिनो हाइड्रो कर्पोरेसनले काम गरिरहेको छ । उक्त प्याकेजको प्रगति ७९ प्रतिशत पुगेको छ। आयोजनाको समग्र भौतिक प्रगति भने ७८ प्रतिशत रहेको जनाइएको छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# नारेश्वरताल : पानीको पोखरीबाट समृद्धिको सम्भावना

तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरमा निर्माण सम्पन्न भएको नारेश्वरताल जलाशय लिफ्ट सिँचाइ योजना गण्डकी प्रदेशको जलस्रोत विकासमा एउटा नयाँ अभ्यासका रूपमा लिन सकिन्छ । सिँचाइका लागि पानी सञ्चय गर्ने उद्देश्यले निर्माण गरिएको यो जलाशयलाई सही ढंगले सञ्चालन र व्यवस्थापन गर्न सकियो भने यसले कृषि उत्पादन मात्र होइन, पर्यटन, वातावरण संरक्षण र स्थानीय रोजगारी सिर्जनामा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । जलाशय निर्माणको पहिलो उद्देश्य दुम्सीचौरको करिब १५ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउनु हो । पानीको अभावका कारण खेती गर्न कठिन भइरहेको क्षेत्रमा वर्षभरि सिँचाइ सुविधा पुग्नु आफैंमा महत्वपूर्ण उपलब्धि हो । तर यसको सम्भावना यतिमै सीमित हुनु हुँदैन । कृषि र पर्यटनलाई जोडेर अघि बढाउन सके नारेश्वरताल स्थानीय अर्थतन्त्र चलायमान बनाउने आधार बन्न सक्छ ।

आजका पर्यटक केवल ठूला होटल र मनोरञ्जनका लागि मात्र गन्तव्य खोज्दैनन्। प्राकृतिक वातावरण, शान्त स्थान, स्थानीय संस्कृति, खानपान र ग्रामीण जीवनशैलीप्रति आकर्षण बढिरहेको छ । दुम्सीचौरमा बनेको जलाशयलाई यही सम्भावनासँग जोड्न सकिन्छ । ताल वरपर पैदलमार्ग, विश्रामस्थल, दृश्यावलोकन क्षेत्र, डुंगा सयर, पिकनिकस्थल तथा व्यवस्थित हरियाली विकास गर्न सकियो भने यो क्षेत्र स्थानीय र बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्न सक्छ। तर पर्यटन विकासका नाममा प्राकृतिक वातावरण बिगार्ने गल्ती भने गर्नु हुँदैन। तालको पानी, जलचर, आसपासको वनस्पति र जलाधार क्षेत्रको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्छ । प्लास्टिकजन्य फोहोर, अनियन्त्रित निर्माण र अव्यवस्थित भीडले केही वर्षमै प्राकृतिक आकर्षणलाई कमजोर बनाउन सक्छ । त्यसैले नारेश्वरतालको विकास 'पूर्वाधार थप्ने' मात्र नभई 'प्रकृति जोगाउँदै उपयोग गर्ने' अवधारणामा आधारित हुनुपर्छ ।

यस योजनाको अर्को महत्वपूर्ण पक्ष स्थानीय रोजगारी हो । ताल बनेपछि बाहिरबाट व्यवसायी ल्याएर मात्र आर्थिक गतिविधि बढाउने सोच पर्याप्त हुँदैन। स्थानीय बासिन्दालाई नै पर्यटन र कृषि अर्थतन्त्रको प्रत्यक्ष लाभग्राही बनाउनुपर्छ। स्थानीय युवालाई डुंगा सञ्चालन, पर्यटन मार्गदर्शन, सरसफाइ, आतिथ्य, होमस्टे तथा अन्य पर्यटन सेवासम्बन्धी सीप प्रदान गर्न सकिन्छ । स्थानीय उत्पादनमा आधारित होटल तथा रेस्टुरेन्ट सञ्चालन, तरकारी तथा फलफूल बिक्री, मत्स्यपालन, हस्तकला र अन्य साना व्यवसायमार्फत गाउँमै आम्दानीको अवसर सिर्जना गर्न सकिन्छ । सिँचाइ सुविधा विस्तारसँगै व्यावसायिक कृषिलाई पनि योजनाबद्ध रूपमा अघि बढाउन आवश्यक छ । स्थानीय किसानलाई आधुनिक कृषि प्रविधि, बजार व्यवस्थापन, भण्डारण र प्रशोधनसँग जोड्न सके जलाशयले केवल खेतमा पानी पुऱ्याउने होइन, किसानको आम्दानी बढाउने आधारसमेत तयार गर्न सक्छ । उत्पादन भयो तर बजार भएन भने सिँचाइको उपलब्धि अधुरो रहन्छ । त्यसैले कृषि र पर्यटनलाई एउटै स्थानीय आर्थिक चक्रमा जोड्नु आवश्यक छ ।

नारेश्वरतालको अर्को सम्भावना वातावरणीय शिक्षाको केन्द्रका रूपमा विकास गर्नु पनि हो । विद्यालय तथा समुदायका विद्यार्थीलाई जलस्रोत संरक्षण, जैविक विविधता, पानीको महत्व र जलवायु परिवर्तनका विषयमा व्यवहारिक ज्ञान दिने स्थल बनाउन सकिन्छ । जलाशय र यसको जलाधार क्षेत्रलाई संरक्षण क्षेत्रको अवधारणासँग जोड्न सके भविष्यका पुस्ताका लागि पनि यसको महत्व कायम रहनेछ । योजनाको निर्माणमा प्रदेश सरकार र स्थानीय तहबीच भएको सहकार्यलाई यसको दीर्घकालीन सञ्चालनमा पनि निरन्तरता दिनुपर्छ । संरचना बनाउनु उपलब्धिको एउटा चरण हो, त्यसको नियमित मर्मत, सुरक्षा, सरसफाइ, पानीको न्यायोचित वितरण र आर्थिक रूपमा दिगो सञ्चालन अर्को ठूलो चुनौती हो। स्थानीय समुदायलाई व्यवस्थापनमा सहभागी नगराई सरकारी संरचनामात्रै भरमा राख्दा अपेक्षित परिणाम हासिल गर्न कठिन हुन्छ ।

नारेश्वरताललाई एउटा ताल वा सिँचाइ आयोजना भनेर मात्र हेर्नु यसको सम्भावनालाई साँघुरो बनाउनु हो । यो कृषि, पर्यटन, वातावरण र रोजगारीलाई एउटै सूत्रमा जोड्ने अवसर हो । योजनाको उद्देश्यअनुसार स्थानीय नागरिकको जीवनस्तर सुधार्न सकियो भने यसको वास्तविक सफलता त्यही हुनेछ । अबको आवश्यकता प्रचारभन्दा परिणाम हो । ताल हेर्न आउने पर्यटकको संख्या मात्र होइन, त्यसबाट स्थानीय किसानको आम्दानी कति बढ्यो, कति युवाले रोजगारी पाए, कति स्थानीय व्यवसाय सञ्चालन भए र जलाशयको प्राकृतिक वातावरण कति सुरक्षित रह्यो भन्ने आधारमा यसको सफलता मापन हुनुपर्छ । नारेश्वरतालले दुम्सीचौरलाई नयाँ पहिचान दिने सम्भावना बोकेको छ । त्यसका लागि सरकार, स्थानीय तह, समुदाय र निजी क्षेत्रबीच स्पष्ट योजना र सहकार्य आवश्यक छ । पानीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, बजारलाई पर्यटनसँग र पर्यटनलाई स्थानीय रोजगारीसँग जोड्न सकियो भने नारेश्वरताल एउटा जलाशयमा सीमित रहने छैन- यो स्थानीय समृद्धिको एउटा जीवन्त आधार बन्न सक्छ ।

# 'हरेक संकटभित्र सम्भावनाको एउटा किरण लुकेको हुन्छ'

१० भदौ गते रसुवाको भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोर्खा र चितवन जिल्लामा ठूलो क्षति पुऱ्यायो । यो वेदना शब्दले भन्न नसकिने खालको छ । आज ती परिवारहरु पीडामा छन्, अबका दिनमा के गर्ने अलमलमा छन्। तर, उनीहरूको आँखामा अझै एउटा सपना छ- फेरि घर बनाउने, फेरि बस्ने, तर सुरक्षित ठाउँमा । आशा र सपना सबै कुरा योजनाबाट होइन, बरु सम्बन्धबाट जन्मिन्छ । आफ्नो परिवार, समुदाय र माटोसँगको सम्बन्धबाट ।

योजनाकारहरूको काम यहीँबाट सुरू हुन्छ, त्यो आशालाई सम्मानका साथ साकार गर्नु । अब घर बनाउँदा, त्यो घर फेरि बग्ने डर नबनोस् । बरु त्यो सपना यस्तो होस् जसमा परिवारले भन्न सकुन कि यो ठाउँ हामी आफैँले छानेका हौँ र हामी यही ठाउँबाट फेरि ऊठ्न सफल भयौं । त्यही सपना नै संकटको किरण होः राहतबाट उठेर सहनशील बस्तीसम्मको यात्रा जोखिम नदोहोरिने ठाउँमा, सेवा-सुविधासहित, जीविकोपार्जनसँग जोडिएको र सबैभन्दा महत्त्वपूर्ण, सम्मानजनक बस्ती।

तसर्थ भोटेकोशी-त्रिशुली करिडोरको पुनर्वास र पुनर्निर्माणका निर्णयहरूमा प्रभावित समुदायको आवश्यकता, जीविकोपार्जन, सहभागिता र सामाजिक सम्बन्धलाई केन्द्रमा राखी स्थानीय समुदायलाई योजना, स्थान छनोट र कार्यान्वयन प्रक्रियामा सक्रिय सहभागी बनाउन आवश्यक छ । प्राविधिक रूपमा सुरक्षित तर सामाजिक रूपमा एक्लो ठाउँमा सारिएका परिवारहरु बिस्तारै त्यहाँबाट फेरि पलायन हुन्छन्, किनभने त्यहाँ न स्कुल हुन्छ, न बजार, न आफन्त।

सुरक्षित बस्ती भनेको जोखिमबाट टाढा मात्र होइन जीविकोपार्जन, सेवा-सुविधा र सामाजिक सम्बन्धसँग जोडिएको ठाउँ पनि हो । त्यसैले पुनर्वास र पुनर्निर्माणको योजना बनाउँदा योजनाकारहरूले एउटा कुरा सधैं सम्झनुपर्छ- हामी घडेरी छनोट गर्दैनौं, हामी मानिसको भविष्य छनोट गर्दैछौं र त्यो भविष्य तिनीहरूकै हातमा हुनुपर्छ, हाम्रो होइन ।

हामी वर्षौंदेखि जलवायु परिवर्तनको कुरा सुन्दै आएका छौं । बाढी, पहिरो, डुबान, भूक्षय र तातो लहरहरु तपाईंहामीलाई हरेक वर्ष दुखाइरहने घाउ बनेका छन् । हिमालदेखि तराईसम्म फैलिएको नाजुक भूबनोट, तीव्र बहाव भएका नदीहरु र कमजोर भौगर्भिक संरचना रहेको नेपालमा यस्तो विपद्को जोखिम सधैं रहन्छ भन्ने कुरा हामीलाई पहिल्यै थाहा थियो ।

जोखिम आउँछ भन्ने थाहा हुँदाहुँदै पनि त्यसअनुरूप बस्ती, पूर्वाधार र सुरक्षित क्षेत्रको योजना बनाउन हामी कति तयार भयौँ भन्ने प्रश्न भने आज पनि उत्तिकै महत्वपूर्ण छ । हाम्रा शहरमा विभिन्न प्रकारका योजनाहरु बन्दै आएका छन् । संवेदनशील क्षेत्र, जोखिम भएका क्षेत्र, नदी र जलाधार, वन र कृषि क्षेत्रहरु पहिचान पनि हुँदै आएको छ । यी नक्साले 'कहाँ संरचना मिल्छ, कहाँ मिल्दैन' भन्छन् तर एउटा प्रश्न अझै छ- आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने सुरक्षित खुला क्षेत्र, अस्थायी आश्रयस्थल र सुरक्षित पहुँच मार्गलाई के हामीले त्यही योजनाको अभिन्न अंग बनाएको छौं ?

विपद् आएपछि मानिसलाई कहाँ लैजाने? बाढी आएपछि कहाँ राख्ने ? पहिरोपीडित परिवार कहाँ बस्ने? भूकम्प आयो भने खुला सुरक्षित स्थान कहाँ ? राहत कहाँबाट परिचालन गर्ने ? मुख्य सडक अवरूद्ध भए वैकल्पिक बाटो कहाँ? यी कुराको खासै सोचिएको छैन ।

त्यसैले विपद् आएपछि सुरक्षित क्षेत्र खोज्न समय लगाउने कि, विपद् आउनुअघि नै पहिचान गरी छुट्याएर राख्ने ? अहिलेको महत्वपूर्ण प्रश्न हो । सुरक्षित क्षेत्र भनेको विपद्पछि खोजिने कुनै खाली जग्गा होइन, यो योजनाबद्ध शहर निर्माणको महत्वपूर्ण भाग हुनुपर्छ ।

वातावरणीय संवेदनशीतासँगैसुरक्षित क्षेत्र पनि पहिल्यै पहिचान गरी 'भूमि उपयोग नक्सा' मै समावेश हुनुपर्छ । जसरी हामी आवास, व्यापार, उद्योग, सडक, विद्यालय, अस्पताल र पार्कका लागि भूमि छुट्याउँछौं- त्यसरी नै आकस्मिक सेल्टर र सुरक्षित क्षेत्रका लागि पनि भूमि पहिल्यै छुट्याऔं, संरक्षण गरौं । आजको योजनाले भोलिको आँसु रोक्न सक्छ। तसर्थ व्यवस्थित शहरी योजनाले प्राकृतिक जोखिम न्यूनीकरणमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छ ।

बढ्दो सहरीकरण, जलवायु परिवर्तन र हरेक वर्ष बढ्ने बाढीको खतराका साथमा विश्वका धेरै शहरहरूले आफ्नो नदी र जलनिकास प्रणालीलाई फेरि हेर्न थालेका छन् । यसै क्रममा सिंगापुरको 'बिशान-आङ मो कियो पार्क'मा गरिएको 'प्रकृतिमा आधारित नदी व्यवस्थापन एउटा उदाहरण हो । जसमा कंक्रिटको नहरलाई प्राकृतिक नदीमा बदलिएको थियो, बाढी आउने ठाउँलाई विभिन्न उद्देश्यका लागि प्रयोग गर्न योग्य सार्वजनिक ठाउँमा परिणत गरिएको थियो । अनि नदीको किनारमा हरियाली कारिडोर बनाइएको थियो ।

यस्तै सिंगापुरका अन्य विभिन्न कार्यक्रमले ढल निकास, नहर र जलाशयलाई वरपरको भू-दृश्य तथा सार्वजनिक स्थानसँग एकीकृत गर्ने प्रयास गरेको छ । नेपालका लागि यो अझ बढी सम्बन्धित हुन सक्छ । नदीको किनारको बस्ती तथा ठूला ठूला भौतिक पूर्वाधार तथा योजनाहरूमा कतिसम्म क्षति हुन सक्छ भन्ने कुरा पछिल्लो बाढीले देखाएको छ ।

सिंगापुरको 'प्रकृतिमा आधारित नदी व्यवस्थापन'बाट हामीले सिक्न सक्छौं कि नदीलाई नियन्त्रण गर्ने प्रयास गर्नु भन्दा नदीको साथमा मानिसको बस्ती र संरचनालाई अनुकूल बनाउन आवश्यक छ । जोखिमपूर्ण किनार क्षेत्रलाई बस्न योग्य नभएको तर बाढी सम्हाल्न सक्ने खुला वा स्पंज पार्कको रूपमा राख्नुपर्छ।

यसले सामान्य समयमा सार्वजनिक उपयोगिता प्रदान गर्ने गर्दछ र बाढीको समयमा जीवन र सम्पत्ति जोगाउन सक्छ। रसुवा-नुवाकोटको त्रासदीले, काठमाडौं उपत्यकालगायत नेपालको सबै नदी करिडोरमा यस्तो प्राकृतिक आधारित र बाढी टिकाऊ योजना अपनाउनु वातावरणीय सुन्दरताको विषय मात्र नभई मानव जीवन जोगाउने आवश्यक आवश्यकता हो भन्ने कुरा स्पष्ट गरेको छ ।

त्यस्तै कोपनहेगनको एकीकृत शहरी योजना, जहाँ भूमि उपयोग, यातायात, हरित-जल पूर्वाधार र वातावरणीय जोखिम व्यवस्थापनलाई एउटै प्रणालीको रूपमा हेरिन्छ । कोपेनहेगनको फिंगर प्लानले

बाँकी तेश्रो पेजमा




## तपाईंको आज

**मेष**
बिहानको समय योजना बनाउने भएकाले प्रभावकारी हुनेछ। पारिवारिक सहकार्यले मन हल्का हुनेछ।

**वृष**
आर्थिक मामिलामा विचारपूर्वक निर्णय लिनुहोस्। अनावश्यक खर्च घटाएर बचतमा ध्यान दिनुहोस्।

**मिथुन**
काममा नयाँ जिम्मेवारी आउन सक्छ। सहयोगीहरूसंग राम्रो तालमेलले उत्साह मिल्न सक्छ। यात्रको अवसर छ।

**कर्कट**
मनका विचार लेख्नु लाभदायी हुनेछ। आन्तरिक शान्तिको अनुभूति हुनेछ। स्वास्थ्य र खानपानमा ख्याल गर्नु ।

**सिंह**
पुरानो योजना सफल हुन सक्छ। सम्बन्धमा अत्याधिक बोलीले समस्या आउन सक्ने भएकाले संयम राख्नुहोला।

**कन्य**
घर-परिवार र कामबीच समय व्यवस्थापनमा समस्य देखिन्छ। प्राथमिकता अनुसार समय छुट्टयाउनु।

**तुला**
नयाँ सामाजिक सम्बन्ध निर्माण हुने सम्भावना छ। कुनै पार्टी वा भेटघाटले मन रमणीय हुनेछ।

**वृश्चिक**
स्वास्थ्यमा थकाइको अनुभूति हुन सक्छ, विश्राम आवश्यक छ। साथीहरूसंग रमाइलो समय बित्नेछ।

शैक्षिक वा यात्रासम्बन्धी योजना अघि बढाउन सकिन्छ। छोटो यात्रा लाभदायी हुनेछ।

**मकर**
बचत गर्ने सोच सकारात्मक छ। व्यक्तिगत स्वास्थ्यका लागि योग वा ध्यान गरिनु उपयुक्त रहला।

**कुम्भ**
घर र कामबीचको तालमेल बिग्रन सक्छ। समय निकालेर प्रकृतिसँग नजिक हुनु उपयोगी हुनेछ।

**मीन**
दिन सामान्य नै रहनेछ। व्यक्तिगत र आर्थिक मामिलामा अति उत्साहजनक परिणाम नआउला ।

# घोषणामा नै सीमित लमजुङको ‘स्मार्ट फिल्म सिटी’ सपना

भञ्ज्याङ समाचारदाता/लमजुङ

लमजुङलाई अन्तर्राष्ट्रियस्तरको चलचित्र छायाङ्कन केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित सात वर्षअघि अघि सारिएको ‘स्मार्ट फिल्म सिटी’ निर्माण योजना अझै कार्यान्वयन हुन सकेको छैन। ठूलो लगानीको महत्वाकाङ्क्षी योजना सार्वजनिक हुँदा लमजुङलाई नेपालको चलचित्र हबका रूपमा विकास गर्ने, पर्यटन प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्ने तथा स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने अपेक्षा थियो।

घोषणा भएको सात वर्ष बितिसक्दा पनि योजना निर्माणको चरणमा प्रवेश गर्न सकेको छैन । विसं २०७६ असारमा सार्वजनिक गरिएको योजनाअनुसार बैँसीसहर नगरपालिकाका चार वटा वडाका पाँच हजार रोपनी जग्गा लिजमा लिएर रू पाँच अर्ब ९० करोड लगानीमा अन्तर्राष्ट्रियस्तरको ‘स्मार्ट फिल्म सिटी’ निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

स्काई इन्टरटेनमेन्ट इन्भेस्टमेन्टका अध्यक्ष तथा तत्कालीन चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारी र इटालियन कम्पनी वर्ल्ड एरिया होल्डिङ एसआरएलका अध्यक्ष फ्रान्सिस्को सिग्नोरिल्लोबीच फिल्म सिटी निर्माणसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाको उपस्थितिमा भएको उक्त सम्झौतामा इटालियन कम्पनीको ८० प्रतिशत र नेपाली कम्पनीको २० प्रतिशत लगानी रहने बताइएको थियो ।

परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको थिएन । तीन महिनाभित्र डिपिआरका लागि सम्भाव्यता अध्ययन सुरू गर्ने, एक वर्षभित्र डिपिआर तयार गरी भौतिक संरचना निर्माण थाल्ने र बढीमा सात वर्षमा परियोजना सम्पन्न गर्ने लक्ष्य सार्वजनिक गरिएको थियो । फिल्म सिटीमा विश्वस्तरको प्रविधिसहित ‘इन्डोर’ तथा ‘आउटडोर’ छायाङ्कन गर्न सकिने पूर्वाधार निर्माण गर्ने योजना थियो ।

परियोजनाअन्तर्गत करिब १६ वटा छायाङ्कन स्थल निर्माण गर्ने लक्ष्य राखिएको छ । पहिलो चरणमा १२ वटा छायाङ्कन स्थल निर्माण हुनेछ । यस्तै, तारे होटल, चलचित्र अध्ययन गर्ने कलेज, केबलकार, अर्ग्यानिक फार्म, खेलकुदस्थल तथा नेपाल र विभिन्न देशका मौलिक पहिचान झल्किने संरचना निर्माण गर्ने योजना थियो।

घोषणा भएको सात वर्ष बितिसक्दा पनि योजना निर्माणको चरणमा पुग्न सकेको छैन । प्रारम्भिक घोषणा र तयारीपछि ठोस रूपमा काम अघि बढ्न नसक्दा महत्वाकाङ्क्षी योजना घोषणामा नै सीमित भएको छ ।

बैँसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालका अनुसार सुरूमा योजनाका मुख्य लगानीकर्ता रहेको इटालियन व्यवसायीसहित सम्बन्धित व्यक्तिसँगको सहकार्यमा योजना अघि बढाउने प्रयास भएको थियो । कोरोना महामारीका क्रममा प्रमुख लगानीकर्ताको निधन भएपछि काम प्रभावित भएको उहाँले बताउनुभयो ।

त्यसलगत्तै, जापानी व्यवसायी तथा लगानीकर्तासँग परियोजना अघि बढाउने विषयमा छलफल तथा पहल भए पनि त्यसले अपेक्षित गति लिन नसकेको नगर प्रमुख अर्यालले बताउनुभयो ।

नेपाली कम्पनीका प्रतिनिधि आकाश अधिकारी हाल जापानमा बस्दै आउनुभएकाले पनि योजना अघि बढाउने विषयमा आवश्यक पहल हुन सकेको छैन। “लमजुङमा फिल्म सिटी निर्माण हुन सके पर्यटन, चलचित्र क्षेत्र र समग्र जिल्लाको विकासमा ठूलो योगदान पुग्ने थियो”, नगर प्रमुख अर्यालले भन्नुभयो, “योजना पूर्णरूपमा समाप्त भएको छैन। यसको सम्भावना अझै जीवित छ । ढिलै भए पनि योजना अघि बढाउन नगरपालिकाले आफ्नोतर्फबाट सक्दो पहल गर्नेछ।”

योजनाका प्रवर्तक अधिकारीसँग प्रतिक्रिया लिन पटक-पटक सम्पर्क गर्ने प्रयास गरिए पनि सम्पर्क हुन सकेन । लमजुङका स्थानीय रहनु भएका कलाकार अभया बरालले लमजुङमा फिल्म सिटी निर्माण हुने घोषणा हुँदा चलचित्रकर्मी र जिल्लावासी दुवै उत्साहित भएको बताउनुभयो ।

नेपालमै अन्तर्राष्ट्रियस्तरको फिल्म सिटी निर्माण हुने कुरा नेपाली चलचित्र क्षेत्रका लागि मात्र नभई लमजुङकै गौरवको विषय भएको उहाँको भनाइ छ । “फिल्म सिटी निर्माण हुने कुरा सार्वजनिक हुँदा चलचित्रकर्मी र लमजुङवासी निकै उत्साहित भएका थियौँ । यसले नेपाली चलचित्रलाई नयाँ उचाइमा पुऱ्याउनाका साथै लमजुङलाई चलचित्र र पर्यटनका माध्यमबाट विश्वसामु चिनाउने ठूलो अवसर सिर्जना गर्ने अपेक्षा थियो”, बरालले भन्नुभयो ।

लामो समयसम्म काम अघि बढ्न नसक्दा केही निराशा छाएको उल्लेख गर्दै उहाँले ढिलै भए पनि योजना पुनः अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । प्राकृतिक, सांस्कृतिक तथा भौगोलिक विविधताले सम्पन्न लमजुङमा विगतदेखि नै नेपाली चलचित्र तथा म्युजिक भिडियो छायाङ्कन हुँदै आएका छन् ।

हिमाली तथा पहाडी भूगोल, ग्रामीण बस्ती र प्राकृतिक सौन्दर्यका कारण लिमजुङ चलचित्र छायाङ्कनका लागि आकर्षक गन्तव्यका रूपमा परिचित छ। फिल्म सिटी निर्माणको योजना कार्यान्वयनमा आए लमजुङ चलचित्र छायाङ्कनको महत्वपूर्ण केन्द्रका रूपमा विकास हुनेछ । त्यसका अलावा पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रमा योगदान पुग्नेछ । वर्षौंअघि घोषणा गरिएको योजना कहिले कार्यान्वयनमा आउँछ भन्ने विषय अझै अनिश्चित छ ।

# ‘हरेक संकटभित्र सम्भावनाको ......

प्रमुख सार्वजनिक यातायात करिडोरलाई आधार बनाएर शहरी विस्तारको दिशा निर्धारण गर्ने अवधारणा अघि बढाएको छ ।

जलवायु परिवर्तन तथा वातावरणीय जोखिमलाई शहरी योजनाको अभिन्न अंगको रूपमा समेटिएको छ। हरित क्षेत्र, जलाशय, जलमार्ग तथा प्राकृतिक प्रणालीलाई संरक्षण र व्यवस्थापन गर्दै ‘हरित-जल पूर्वाधार’ मार्फत वातावरणीय दिगोपन तथा जलवायु अनुकूलनलाई शहरी विकाससँग जोडिएको छ ।

त्यस्तै डेनमार्कको कोपेनहेगनले भारी वर्षाका घटनापछि ‘क्लाउडबर्स्ट म्यानेजमेन्ट प्लान्ट’ मार्फत शहरको निकास प्रणाली र सडक संरचनालाई पुनर्विचार गरेको छ । विश्वका विभिन्न शहर र देशका अनुभवले नेपालमा शहरी विकास, नदी करिडोर, पूर्वाधार र विपद् जोखिम व्यवस्थापनलाई छुट्टाछुट्टै नभई एकीकृत रूपमा हेर्नुपर्ने देखाउँछन् । कोपेनहेगनले विकास करिडोर, सार्वजनिक यातायात पहुँच तथा हरित-जल पूर्वाधारलाई जोडेर योजनाबद्ध र जोखिम-संवेदनशील विकासको अवधारणा अघि सारेको छ । यसबाट नदी करिडोरको विकास अनियन्त्रित रूपमा नभई दिगो र जोखिमलाई ध्यानमा राखेर गर्नुपर्ने पाठ मिल्छ।

क्युरिटिबा, ब्राजिलको अनुभव अझ महत्त्वपूर्ण छ। त्यहाँ भूमि उपयोग, यातायात, सडक सञ्जाल, पूर्वाधार र वातावरणीय योजनालाई एउटै शहरी योजना प्रणालीमा जोडिएको छ । यसको अनुसन्धान तथा शहरी योजना संस्थानले दीर्घकालीन योजना, तथ्यमा आधारित निर्णय र प्राविधिक क्षमता कायम राख्दै आएको छ । सार्वजनिक यातायात र संरचनात्मक करिडोर वरिपरि शहरी विकास केन्द्रित गरेर अनियन्त्रित विस्तारलाई नियन्त्रण गरिएको छ। त्यहाँका पार्कलाई मनोरञ्जनका लागि मात्र नभई बाढीको पानी अस्थायी रूपमा भण्डारण गर्ने जल-जोखिम व्यवस्थापनको पूर्वाधारका रूपमा समेत प्रयोग गरिएको छ।

नेपालमा भने भूमि उपयोग, यातायात, खानेपानी तथा ढल र विपद् व्यवस्थापन विभिन्न निकायमा विभाजित छन् । यी निकायबीच समन्वय कमजोर हुँदा संस्थागत विखण्डनको समस्या देखिन्छ । नेपालमा समस्या आएपछि अस्थायी समिति वा कार्यदल बनाउने, आयोजना सकिएपछि त्यसलाई विघटन गर्ने प्रवृत्ति छ। यसले संस्थागत ज्ञान र अनुभवलाई निरन्तरता दिन दिँदैन।

क्युरिटिबाको अनुभवले भने आफ्नै अनुसन्धान, तथ्याङ्क, प्राविधिक जनशक्ति र दीर्घकालीन योजना कार्यान्वयन तथा अनुगमन गर्ने स्थायी प्राविधिक संस्था आवश्यक रहेको देखाउँछ । नेपालले पनि यस्तो बलियो संस्थागत संयन्त्र विकास गर्नुपर्ने देखिन्छ ।

नेदरल्यान्ड्सको अनुभवले अर्को आधारभूत पाठ दिन्छ- पहिले जोखिम मूल्याङ्कन त्यसपछि विकास । त्यहाँ पानी र भू-प्रणालीलाई शहरी विकासको आधारभूत तत्व मानिन्छ । विकास गर्ने ठाउँ छनोट गर्नुअघि बाढीको जोखिम, वातावरणीय संवेदनशीलता, भू-उपयोग, जनसंख्या र पूर्वाधार क्षमतालाई तथ्याङ्क तथा नक्साका आधारमा मूल्याङ्कन गरिन्छ । उच्च जोखिम भएका क्षेत्रमा विकासलाई नियन्त्रण, अनुकूलन वा उपयुक्त व्यवस्थापनका उपायसँग जोडिन्छ।

नेपालको त्रिशूली करिडोर यसको ठीक विपरीत ढंगले विकसित भएको उदाहरण हो । नेपाल-चीन व्यापार, पर्यटन र जलविद्युतका कारण महत्त्वपूर्ण बनेको यस क्षेत्रमा बस्ती, राजमार्ग, जलविद्युत् आयोजना र होटलहरू नदीको बाढी क्षेत्रमा समेत विस्तार भए । विकास गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्नभन्दा पहिले ‘यहाँ पर्यटक आउँछन्, नाका छ, बिजुली बन्छ’ भन्ने आधारमा विकास अघि बढ्यो ।

रोटरड्यामको अनुभवले पनि जल व्यवस्थापनलाई शहरी योजना र सार्वजनिक स्थानसँग जोड्न सकिने देखाउँछ । त्यहाँका पानी संकलन गर्ने सार्वजनिक स्थलहरू सामान्य समयमा मनोरञ्जन र सार्वजनिक प्रयोगका लागि हुन्छन् भने भारी वर्षामा पानी अस्थायी रूपमा जम्मा गर्ने काम गर्छन्। नेपालले पनि नदी र जलाधार आसपासका खुला क्षेत्रलाई बाढी व्यवस्थापनसँग जोड्न सक्छ ।

अचानक आउने बाढीका लागि इन्डोनेसियाको सुनामी पूर्वसूचना प्रणाली अर्को महत्त्वपूर्ण उदाहरण हो । सन् २००४ को एचे सुनामीपछि विकसित गरिएको प्रणालीले जोखिमको पूर्वानुमान र चेतावनी दिन्छ। तर यसको मुख्य पाठ प्रविधि मात्र होइन- सूचना समुदायसम्म समयमै पुग्नुपर्छ ।

त्यसैले स्थानीय तहमा तालिम, निकासी योजना र नियमित अभ्यास आवश्यक हुन्छ । भोटेकोशी-त्रिशूली क्षेत्रमा हिमताल फुट्ने बाढी वा हिउँपहिरोबाट आउने आकस्मिक बाढीका लागि पनि यही सोच आवश्यक छ । सूचना पाएपछि कहाँ जाने, कसरी जाने र कति समयमा सुरक्षित स्थानमा पुग्ने भन्ने कुरा समुदायलाई पहिल्यै थाहा हुनुपर्छ ।

जापानको भवन निर्माण प्रणालीले भने जोखिम व्यवस्थापनलाई निर्माणस्थलसम्म पुऱ्याउनुपर्ने पाठ दिन्छ । जापानले भवन निर्माणका मापदण्डलाई निरन्तर अद्यावधिक गर्दै पुराना तथा जोखिमयुक्त भवनको मूल्याङ्कन, सुदृढीकरण र नियमित निरीक्षणमा जोड दिएको छ ।

नेपालले पनि भवन संहितालाई नक्सा पास गर्ने कागजी प्रक्रियामा मात्र सीमित नराखी निर्माणस्थलमै लागू गर्नुपर्छ । पुराना भवनको जोखिम मूल्याङ्कन, जोखिमयुक्त भवनको सुदृढीकरण, स्थानीय तहको भवन निर्माण अनुमति तथा स्थल निरीक्षण र निर्माणका विभिन्न चरणमा प्राविधिक अनुगमन आवश्यक छ । नदी किनारको आवश्यक दूरीसमेत नक्सा पासकै चरणमा सुनिश्चित हुनुपर्छ । नेपालका लागि यी सबै अनुभवको साझा सन्देश एउटै छ- विकास रोक्ने होइन, तर विकासको क्रम बदल्ने । अनलाइनखबरबाट

# अलैँचीले फर्कायो .....

क्षति पुगेपछि क्षेत्रफल घटेको व्यवसायीको भनाइ छ । रोग नियन्त्रण, गुणस्तरीय बिरूवा र प्राविधिक सहयोगलाई प्रभावकारी बनाउन सके अलैँची खेती पुनः विस्तार गर्न सकिने किसानको अपेक्षा छ ।

लमजुङमा मर्स्याङ्दी गाउँपालिका अलैँची उत्पादनको प्रमुख क्षेत्रका रूपमा देखिएको छ। गाउँपालिकाका विभिन्न क्षेत्रमा करिब चार सय हेक्टर जमिनमा अलैँची खेती गरिएको बताइएको छ। बैँसीसहर, दोर्दी, दूधपोखरी र क्व्होलासोथर गाउँपालिकाका विभिन्न गाउँमा समेत अलैँचीको व्यावसायिक खेती हुँदै आएको छ।

यस वर्ष जिल्लामा करिब ६० मेट्रिक टन अलैँची उत्पादन हुने अनुमान गरिएको छ । उत्पादनसँगै किसानले उचित मूल्य पाउने, बजार सुनिश्चित हुने र रोग नियन्त्रणका लागि आवश्यक प्राविधिक सहयोग पाए अलैँचीले ग्रामीण अर्थतन्त्रलाई थप बलियो बनाउन सक्ने देखिएको छ ।

लमजुङमा अलैँची अहिले केवल नगदेबाली मात्र बनेको छैन, गाउँमा रोकिएको अर्थतन्त्र र जनशक्ति फर्काउने आधारसमेत बन्दै गएको छ। खेतबारीमा अलैँचीका बोटसँगै गाउँमा फर्किएको चहलपहलले उत्पादनमुखी कृषि रोजगारी र बसाइँसराइ रोक्ने सम्भावनाको संकेत गरेको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com




मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
असोज १० गते शनिबार



डा. जयन्ती ज्वारचन
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)
सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



**सानन‌क्रसको बोका :** राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम, बन्दीपुरमा रहेका सानन‌क्रसको बोका । दुध उत्पादनको लागि विश्व प्रशिद्ध जात सानन‌क्रसको बोका अहिले बिक्रीमा राखिएको छ । गाउँपालिका/नगरपालिकाको पशु सेवा शाखाको सिफारिस वा जिल्ला पशु सेवा कार्यालयको सिफारिस सहित सम्पर्कमा आएका कृषकलाई यी बोका उपलब्ध गराइने भएको छ । *तस्विर : भञ्ज्याङ*

## facebook twitter

**Binod Neupane**
x.com/Neupane1Binod



बालेन सरकारले ह्यान गरेन, त्यान् गरेन लेख्छन्। गर्दिनु पर्ने के थियो ? चै लेख्दैनन् पो भन्छ भैरे। यस मुलुकमा छ चै के ? अनि के गरी दिनु? उ पनि अन्य पार्टीले गरे जस्तै आफ्ना भर्ना गर्दैछ। स्थानीय चुनाव कसरी जित्ने चक्कर मै छ। पार्टी भित्रै पद पाउने नपाउने बीचको झगडा व्यवस्थापन गर्दै छ। सभापतिलाई लागेको सहकारी मुद्दा बाट कसरी सामाजिक पुँजी जोगाउने, अनेक तिकडम गरेकै छ। सामाजिक संजालमा आलोचना गर्नेको खोइरो कसरी खन्ने लागेकै छ । गर्दै छ त, बहुदलीय व्यवस्थामा गरिने खेती पाती !

**Shobu katwal**
x.com/Ayushobu8099



जुन दिनसम्म हामी गुण र दोषका आधारमा समर्थन र आलोचना गर्न सक्दैनौं, त्यतिन्जेल यहाँ जोसुकै आएपनि कि भगवान् बनाउँछौं, कि राक्षस_
भगवान् र राक्षस बनाउने कारखाना बन्द गरेर आफू मान्छे बन्ने र अरूलाई पनि मान्छे बन्न दिने संकल्प गरेको दिनदेखि मात्रै देश सही बाटोमा अघि बढ्छ।

**Dr Shekhar Koirala**
x.com/Shekharnc



जब सरकार नीति र नियमभन्दा बाहिरबाट चल्न थाल्छ, तब त्यो स्वेच्छ्याचारी हुन थाल्दछ । भरत दाहालको पक्राउ त्यसको पछिल्लो उदाहरण हो । हामी कस्तो समाज निर्माण गर्दैछौं । भरत दाहालको तुरून्त रिहाई गर्न र यस्ता लोकतन्त्र विरोधी कृयाकलाप फेरि नदोहोरिने प्रतिवद्धताको लागि सरकारसँग आग्रह गर्दछु

# शुक्रबारदेखि तीन दिन अति भारी वर्षाको सम्भावना, सतर्क रहन आग्रह

भञ्ज्याङ समाचारदाता/तनहुँ

असोज ९ गते (शुक्रबार)देखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सतर्कता अपनाउन आग्रह गरेको छ । मौसम विज्ञान विभागले सोमबार जारी गरेको विशेष मौसम बुलेटिनअनुसार उक्त अवधिमा गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षासमेत हुन सक्ने सम्भावना छ ।

त्यस्तै, कोशी, मधेस, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको प्राधिकरणले जनाएको छ । देशका अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यमसम्म वर्षा हुने सम्भावना रहेको छ ।

विभागका अनुसार उत्तर अण्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बंगालको खाडीको मध्य-भागमा रहेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै जाने सम्भावना छ । यसको प्रभावका कारण बुधबारदेखि कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा मध्यमसम्म वर्षा हुने सम्भावना रहेको जनाइएको छ ।

भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव तथा शहरी र तराई क्षेत्रमा डुबानको जोखिम बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन प्राधिकरणले आग्रह गरेको छ ।

प्राधिकरणले जोखिमयुक्त स्थानमा तत्काल उद्धार तथा राहतका लागि आवश्यक तयारी गर्न, सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय र स्वयंसेवकलाई तयारी अवस्थामा रहन अनुरोध गरेको छ ।

त्यस्तै, जोखिममा रहेका राजमार्ग तथा सडकमा डोजर, एक्स्काभेटर, लोडरलगायतका साधन तयारी अवस्थामा राख्न तथा जिल्ला सुरक्षा समिति, स्थानीय तह र सुरक्षा निकायले पूर्वसूचना तथा चेतावनीअनुसार जोखिमयुक्त स्थानका बासिन्दालाई सुरक्षित स्थानमा सार्न आवश्यक तयारी गर्न भनिएको छ ।

आकस्मिक बाढी आउन सक्ने खोला तथा खहरे नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला-नदी किनारका बासिन्दालाई विशेष सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ । वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्न सकिनेछ । साथै, विपद्मा मद्दत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बलको हटलाइन ११९४ मा सम्पर्क गर्न सकिने प्राधिकरणले जनाएको छ ।

# व्यासमा एक वर्षमा ६.४६ किमि नयाँ सडक, १५ विद्यालय भवन

भञ्ज्याङ समाचारदाता/दमौली

व्यास नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा ६ दशमलव ४६ किलोमिटर नयाँ सडकको ट्र्याक खोलेको छ। एक वर्षको अवधिमा ३.३९ किलोमिटर सडक कालोपत्र तथा ढलान, ६.८८ किलोमिटर ग्राभेल र ११.३६ किलोमिटर ढल निर्माण गरिएको नगरपालिकाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार सो अवधिमा नौ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्नुका साथै तीन वटा पार्क, १५ वटा विद्यालय भवन र छ वटा सामुदायिक भवन निर्माण भएका छन् ।

नगरपालिकाको दीर्घकालीन प्रगतिअनुसार हालसम्म ७२५.६७ किलोमिटर नयाँ सडकको ट्र्याक खोलिएको छ। त्यसमध्ये १५८.६९ किलोमिटर सडक कालोपत्र तथा ढलान र ३५.०९ किलोमिटर ग्राभेल भइसकेको छ। व्यासमा हालसम्म २२ वटा मोटरेबल र १५ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । त्यस्तै, ११८ दशमलव ९५ किलोमिटर ढल निर्माण तथा पाँच दशमलव १७ किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको छ । सिँचाइतर्फ हालसम्म २४ दशमलव ०७ हेक्टर क्षेत्रमा सुविधा विस्तार भएको छ भने नगर क्षेत्रमा निर्माण भएका पार्कको संख्या १९ पुगेको छ ।

# लोककल्याणकारी विज्ञापनको संशोधित कार्यविधि खारेज गर्न पत्रकार महासंघको माग

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले लोककल्याणकारी विज्ञापनसम्बन्धी संशोधित कार्यविधि खारेज नभएसम्म विज्ञापनबापतको बिल नबुझ्न जिल्ला हुलाक कार्यालय तनहुँलाई आग्रह गरेको छ । महासंघ तनहुँ शाखाले सोमबार जिल्ला हुलाक कार्यालय तनहुँमा ज्ञापनपत्र बुझाउँदै यस्तो आग्रह गरेको हो ।



सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत लोककल्याणकारी विज्ञापनको रकम वृद्धि गर्ने व्यवस्था गरे पनि त्यससँग बाझिने गरी कार्यविधि संशोधन गरिएको महासंघको भनाइ छ । संशोधित कार्यविधिका कारण छापामाध्यमले प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापनबापतको मासिक रकममा भारी कटौती हुने भन्दै महासंघले असहमति जनाएको हो ।

नेपाल पत्रकार महासंघले संशोधित कार्यविधि खारेज गर्न निरन्तर माग गर्दै आए पनि विज्ञापन बोर्डले त्यसलाई बेवास्ता गर्दै लोककल्याणकारी विज्ञापनको बिल बुझ्ने प्रक्रिया अघि बढाएको भन्दै महासंघ तनहुँले आपत्ति जनाएको छ ।

संशोधित कार्यविधि खारेज गरी सञ्चारमाध्यमलाई पूर्ववत् रुपमा लोककल्याणकारी विज्ञापनको सुविधा उपलब्ध गराउन दबाब दिने उद्देश्यले विरोधका कार्यक्रम अघि बढाउने महासंघले जनाएको छ ।

महासंघ तनहुँ शाखाका अध्यक्ष डिपी अधिकारीद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा संशोधित कार्यविधि खारेज नभएसम्म लोककल्याणकारी विज्ञापनबापतको बिल नबुझ्न जिल्ला हुलाक कार्यालय तनहुँलाई आग्रह गरिएको छ ।

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- बिपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- बिपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

बिपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छिर्कनेमा हाइस दुर्घटना, एक जना गम्भीर घाइते

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-१२ तल्लो छिर्कनेमा हाइस दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन्। सोमबार दिउँसो करिब ३:४५ बजे काठमाडौंबाट पोखरातर्फ आउँदै गरेको बा.प्र.०१-०३४ च ६१९४ नम्बरको ईभी हाइस चालकले नियन्त्रण गुमाउँदा स्थानीय तिल गिरीको दुईतले पक्की घरको उत्तरी भागमा ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा हाइसमा चालकसहित तीन जना सवार रहेकामा पोखरा महानगरपालिका-३० शिशुवा बस्ने ५५ वर्षीया शर्मिला त्रिपाठी गम्भीर घाइते भएकी छन् । उनलाई तत्काल उद्धार गरी प्रदेश अस्पताल दमौली पठाइएकोमा थप उपचारका लागि गण्डकी अस्पताल पोखरा रिफर गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँबाट प्रहरी नायब उपरीक्षक द्वारिका प्रसाद घिमिरेको कमाण्डमा ट्राफिक प्रहरीसहित ११ जनाको टोली घटनास्थल पुगेको थियो। हाइस र चालक पोखरा महानगरपालिका-३३ बस्ने ४० वर्षीय सुरेन्द्र थापा प्रहरी नियन्त्रणमा छन् ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४